श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नगर विकास (तेस्रो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नगर विकास ऐन, २०४५ को दफा २ मा संशोधन : नगर विकास ऐन, २०४५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.२ पछि देहायका उपदफा २.१.२क, २.१.२ख र २.१.२ग थपिएका छन् :-

"२.१.२क "स्थानीय निकाय" भन्नाले प्रचलित कानून बमोजिम गठन भएका गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ ।

२.१.२ख "स्थानीय योजना" भन्नाले स्थानीय निकायले आफ्नो क्षेत्रभित्रको भौतिकं विकासको लागि तत्सम्बन्धी कार्यक्रम निर्धारण गरी तयार गरेको योजना सम्झनु पर्छ ।

२.१.२ग "संस्था" भन्नाले बसोबास, वस्ती विकास, बजार विकास जस्ता भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा ३.१.३ को सट्टा देहायको उपदफा ३.१.३ राखिएकोछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३.१.३ नगर विकासको लागि भू-उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाई, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने,"

(२) उपदफा ३.३ मा रहेका "त्यस्तो योजना लागू हुने मिति समेत तोकी सो मितिभन्दा कम्तीमा तीन महिना अगाडि" भन्ने शब्दहरु झिकिएका छन् ।

४. मूल ऐनमा दफा ३क. र ३ख. थप : मूल ऐनको दफा ३ पछि देहायका दफा ३क. र ३ख. थपिएका छन् :-

"३क. स्थानीय योजनाको तर्जुमा र स्वीकृति :

३क.१ नगर योजना स्वीकृत भई नसकेका क्षेत्रहरुमा स्थानीय निकायले सम्बन्धित जग्गा धनी वा मोहीहरुलाई समावेश गरी स्थानीय योजना तर्जुमा गर्न सक्नेछ ।

३क.२ उपदफा ३क.१ बमोजिम स्थानीय योजनाको तर्जुमा गरिसकेपछि स्थानीय निकायले समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र सो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिबाट त्यस्तो योजना स्वीकृत गराउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३क.३ उपदफा ३क.२ बमोजिम स्थानीय योजना स्वीकृत भइसकेपछि स्थानीय निकायले त्यस्तो योजनाको विस्तृत विवरण समेतको सूचना सर्वसाधारणको जानकारीको लागि नेपाल अधिराज्यबाट प्रकाशित हुने कुनै दुई प्रमुख पत्र-पत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

३ख. स्थानीय योजनाको सञ्चालन : स्थानीय निकायले स्थानीय योजनाको सञ्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा अन्य व्यवस्था दफा ३क. को उपदफा ३क.२ बमोजिम योजना स्वीकृत गर्ने समितिले तोकिदिए बमोजिम हुनेछ।"

५. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,-

(१) उपदफा ४.२ को सट्टा देहायको उपदफा ४.२ राखिएको छ :-

"४.२ समितिमा देहायका सदस्यहरु रहनेछन् :-

४.२.१ श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

४.२.२ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत - सदस्य

४.२.३ श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाको जिल्लास्थित कार्यालयहरु मध्ये श्री ५ को सरकारले तोकेको बढीमा पाँचवटा कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

४.२.४ राष्ट्रिय रुपमा मान्यता प्राप्त राजनीतिक दलहरुको जिल्ला कार्य समितिले मनोनीत गरी पठाएका सो दलका एकजना प्रतिनिधि - सदस्य

४.२.५ स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत बढीमा पाँच जना व्यक्तिहरु - सदस्य

४.२.६ सम्बन्धित स्थानीय निकायका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

४.२.७ श्री ५ को सरकारले तोकेको कर्मचारी - सदस्य-सचिव"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1208

(२) उपदफा ४.२ पछि देहायको उपदफा ४.२क थपिएकोछ :-

"४.२क उपदफा ४.१ बमोजिम ग्रामीण क्षेत्रमा गठन भएको समितिमा जिल्लास्थित कार्यालयका अधिकृत स्तरको कर्मचारी तोक्न नसकिने भएमा राजपत्रअनंकित प्रथम श्रेणीका कर्मचारीहरुलाई तोक्न सकिनेछ ।"

(३) उपदफा ४.३ र ४.४ को सट्टा देहायका उपदफा ४.३ र ४.४ राखिएका छन् :-

"४.३ समितिका मनोनीत सदस्यहरुको पदावधि उपदफा ४.१ बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

४.४. श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।"

६. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा ६.४ को सट्टा देहायको उपदफा ६.४ राखिएकोछ :-

"६.४ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । समितिको अध्यक्ष नतोकिएको अवस्थामा वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७. उपसमितिहरु गठन गर्न सक्ने :

७.१ समितिले आफ्नो काम कारवाही सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।"

८. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा ९.२ मा रहेका "निर्देशन वा शर्त" भन्ने शब्दहरुको सट्टा "निर्देशन वा शर्त वा मापदण्ड" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,-

(१) उपदफा १०.१ मा रहेका "कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत" भन्ने शब्दहरुको सट्टा "कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "त्यसरी स्वीकृति बिना वा शर्त विपरीत" भन्ने शब्दहरुको सट्टा "त्यसरी समितिको स्वीकृति बिना वा शर्त वा मापदण्ड विपरीत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा १०.५ पछि देहायको उपदफा १०.६ थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२०६

"१०.६ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउने वा हटाउने आदेश दिएकोमा सो निर्माणको भाग नभत्काए वा नहटाएसम्म त्यस्तो सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न समितिले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित निकायले पनि लेखी आए बमोजिम गरिदिनु पर्नेछ।"

१०. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) उपदफा ११.१.२ को सट्टा देहायको उपदफा ११.१.२ राखिएकोछ :-

"११.१.२ भू-उपयोग क्षेत्रमा भौतिक विकासका लागि आवश्यक शर्त वा मापदण्ड तोक्ने,"

(२) उपदफा ११.१.२ पछि देहायका उपदफा ११.१.२क र ११.१.२ख थपिएका छन् :-

"११.१.२क भू-उपयोग क्षेत्रको आधारमा जग्गाको वर्गीकरण गर्ने,

११.१.२ख संस्था वा स्थानीय निकायलाई कुनै शर्त वा मापदण्ड तोकी जग्गाको भौतिक विकास गर्न मार्गदर्शन गर्ने,"

११. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२०८

(१) उपदफा १२.१.१ मा रहेका "कुनै भागमा" भन्ने शब्दहरु पछि "कम्तीमा पचहत्तर प्रतिशत" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा १२.१.२ मा रहेका "कुनै भागमा" भन्ने शब्दहरु पछि "कम्तीमा पचहत्तर प्रतिशत जग्गा धनी वा मोहीहरुको सहमति जुटाई सो ठाउँमा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपदफा १२.१.२ पछि देहायका उपदफा १२.१.२क, १२.१.२ख, १२.१.२ग, १२.१.२घ, १२.१.२ङ, १२.१.२च, १२.१.२छ, र १२.१.२ज थपिएका छन् :-

"१२.१.२क उपदफा १२.१.२ बमोजिम नगर योजना क्षेत्रभित्रको कुनै भागमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न चाहेमा वा यस दफा बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन नभएको भागमा चार किल्ला खोली जग्गा एकीकरण कार्यक्रम सञ्चालन गराई पाउँ भनी सो ठाउँका कम्तीमा पचहत्तर प्रतिशत जग्गा धनी वा मोहीहरुले निवेदन गरेमा कम्तीमा पचास परिवार बसोबास हुने ठाउँमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२.१.२ख उपदफा १२.१.२क बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने भएमा समितिले स्थानीय जग्गा धनी वा मोहीहरुको सहभागिता जुटाउन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन गर्नेछ र उपभोक्ता समितिको सहयोगमा जग्गा एकीकरण कार्यक्रम् सञ्चालन गर्नेछ ।

१२.१.२ग उपदफा १२.१.२ख बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले दफा ८ बमोजिमको प्रक्रिया अपनाई सो भागमा रहेका अचल सम्पत्ति टुक्र्याउन वा भौतिक परिवर्तन गर्न नपाउने गरी बढीमा दुई वर्षको लागि रोक लगाउनेछ ।

१२.१.२घ जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले उपभोक्ता समितिको सल्लाह लिई त्यस भागमा सडक, ढल, खुला क्षेत्र, खानेपानी, बिजुली लगायतका अन्य सेवा सुविधा उपलब्ध गराउन त्यस भागमा रहेका जग्गाको प्रचलित मोल र साबिकको बाटो लगायतका अन्य सुविधा समेतको आधारमा कुन जग्गा धनी वा मोहीको के कति क्षेत्रफल जग्गा छुट्याउनु पर्ने हो, सो यकिन गरी जग्गा छुट्याउनेछ ।

१२.१.२ङ उपदफा १२.१.२घ बमोजिम जग्गा छुट्याइसकेपछि समितिले उपदफा १२.१.२ बमोजिम विकसित घडेरीहरु साबिकका जग्गा धनी वा मोहीहरुलाई फिर्ता दिने प्रयोजनको लागि सो भागमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने सम्पूर्ण कित्ताका जग्गालाई एउटै कित्तामा परिणत गरी जग्गा एकीकरण कार्यक्रमलाई अन्तिम रुप दिनको लागि उपदफा १२.१.२ग को अधीनमा रही बढीमा एक वर्षको लागि सो भागमा पर्ने कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि त्यस्तो सूचना प्राप्त भएपछि त्यस भागमा लेखी आए बमोजिम कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन गर्नु हुँदैन ।

१२.१.२च उपदफा १२.१.२ङ बमोजिम हक हस्तान्तरण गर्न रोक लगाइसकेपछि समितिले सोही उपदफामा उल्लिखित म्यादभित्र उपदफा १२.१.२ बमोजिम साबिकका जग्गा धनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरीहरु फिर्ता गर्नेछ ।

१२.१.२छ उपदफा १२.१.२च बमोजिम सम्बन्धित जग्गा धनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरी फिर्ता गरिसकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गा धनी दर्ता श्रेस्ता खडा गर्न


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1210

र जग्गा धनी दर्ता प्रमाण पूर्जा तयार गरी वितरण गर्न सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गा धनी श्रेस्ता खडा गर्ने र जग्गा धनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गा धनी वा मोहीलाई वितरण गर्नु पर्नेछ ।

१२.१.२ज प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १२.१.२छ बमोजिम नक्सा मिलान भई नयाँ जग्गा धनी दर्ता श्रेस्ता र जग्गा धनी प्रमाण पूर्जा तयार भइसकेपछि जग्गा एकीकरण कार्यक्रम सञ्चालन भएको भागको साबिकको नक्सा र सो भागमा रहेका जग्गा धनी वा मोहीको साबिकको सबै लगत श्रेस्ता स्वतः बदर हुनेछ ।"

(४) उपदफा १२.१.३ पछि देहायको उपदफा १२.१.३क थपिएकोछ :-

"१२.१.३क उपदफा १२.१.३ बमोजिम घडेरी बिक्री वितरण गर्दा समितिले सो नगर योजना क्षेत्रमा घडेरी वा जग्गा नभएका साबिकका जग्गा धनी तथा मोहीलाई प्राथमिकता दिनेछ । त्यसरी बिक्री


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
१२११

वितरण गरिएका घडेरीहरु समितिको पूर्व स्वीकृति बिना टुक्र्याउन पाइने छैन ।"

(५) उपदफा १२.१.४ पछि देहायको उपदफा १२.१.५ थपिएकोछ :-

"१२.१.५ उपदफा १२.१.४ बमोजिम न्यूनतम इकाईको क्षेत्रफलभन्दा कम जग्गा हुने कुनै जग्गा धनीले समितिले निर्धारण गरेको खर्च तिरी घडेरी लिन नसक्ने भएमा समितिले त्यस्तो जग्गा धनी वा मोहीको जग्गा आफै लिई निजलाई सो जग्गा बापत प्रचलित मोल बराबरको रकम क्षतिपूर्ति दिनेछ ।"

१२. मल ऐनको दफा १२क. मा संशोधन : मूल ऐनको दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएकोछ :-

"१२क. भौतिक विकास सम्बन्धी योजनाको स्वीकृति र सञ्चालन :

१२क.१ नगर योजना लागू भएको क्षेत्रमा कुनै संस्थाले भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न चाहेमा सो योजना तर्जुमा गरी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

१२क.२ उपदफा १२क.१ बमोजिम समितिबाट योजना स्वीकृत गराइसकेपछि सम्बन्धित संस्थाले समितिले तोकिदिए बमोजिमको शर्त वा मापदण्ड अनुसार भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. <u>मूल ऐनमा दफा १२ख. र १२ग. थप</u> : मूल ऐनको दफा १२क. पछि देहायका दफा १२ख. र १२ग. थपिएका छन् :-

"१२ख. <u>संस्थालाई सहयोग तथा छुट दिन सक्ने</u> :

१२ख.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्ने संस्थालाई समितिले देहायका कुनै सुविधा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ :-

१२ख.१.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न प्राविधिक सहयोग उपलब्ध गराउन,

१२ख.१.२ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्न वित्त कम्पनी, वित्तीय संस्था वा बैंकबाट सहुलियत प्राप्त क्षेत्र सरह ऋण उपलब्ध गराउन सिफारिस गर्न,

१२ख.१.३ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराउन ।

१२.ख.२ कुनै संस्थालाई भौतिक विकास सम्बन्धी योजना तर्जुमा तथा सञ्चालन गर्ने सिलसिलामा जग्गा खरिद गर्नु परेमा समितिको सिफारिसमा श्री ५ को


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
1293

सरकारले त्यस्तो जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत रकम छुट दिन सक्नेछ ।

तर त्यस्तो संस्थाले सञ्चालन गरेको भौतिक विकास सम्बन्धी योजना कुनै कारणले कार्यान्वयन हुन नसकेमा सो संस्थाले श्री ५ को सरकारबाट छुट पाएको रजिष्ट्रेशन बापतको रकम र सो रकमको प्रचलित कानून बमोजिमको ब्याज श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

१२ख.३ भौतिक विकास सम्बन्धी योजना सञ्चालनको लागि कुनै संस्थालाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न छुट दिनु परेमा समितिको सिफारिस र हदबन्दी छुट दिने सम्बन्धित निकायले तोकेको शर्त र सहमतिमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिमको हदबन्दी व्यवस्था त्यस्तो संस्थाको सो जग्गाको हकमा लागू नहुने गरी छुट दिन सक्नेछ ।

तर त्यस्तो योजना कार्यान्वयन नै नगरेमा वा समितिले तोकिदिएको शर्त वा मापदण्ड अनुसार कार्यान्वयन नगरेको भनी समितिले निर्णय गरेमा त्यस्तो संस्थाले जग्गाको हदबन्दी सम्बन्धी सुविधा पाउने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२१४

१२ग. **स्थानीय निकायले जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने :**

१२ग.१ स्थानीय निकायले चाहेमा आफ्नो क्षेत्रभित्रको कुनै भागमा दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२ग.२ उपदफा १२ग.१ बमोजिम स्थानीय निकायले जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने भएमा समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र त्यस्तो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिको सिफारिस लिई त्यस्तो कार्यक्रम श्री ५ को सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

१२ग.३ दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय निकायलाई यस ऐन बमोजिम समितिलाई भए सरहको अधिकार हुनेछ र स्थानीय निकायले त्यस्तो जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा यस ऐन बमोजिम समितिले अपनाउनु पर्ने कार्यविधि र अन्य व्यवस्थाको पालना समेत गर्नु पर्नेछ।

१२ग.४ उपदफा १२ग.१ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने स्थानीय निकायलाई श्री ५ को सरकार वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग
१२१२

समितिले प्राविधिक तथा आर्थिक सुविधा उपलब्ध गराउन सक्नेछ ।"

१४. मूल ऐनमा दफा १३क. थप : मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएकोछ :-

"१३क. अनुदान, सहयोग, ऋण दिन स्वीकृति लिनु पर्ने : समितिले आफ्नो नाममा रहेको चल अचल सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई चन्दा, अनुदान, सहयोग वा ऋण दिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।"

१५. मूल ऐनमा दफा १७क. थप : मूल ऐनको दफा १७ पछि देहायको दफा १७क. थपिएकोछ :-

"१७क. नगर विकास जिल्ला समन्वय समितिको गठन :

१७क.१ नेपाल अधिराज्यको विभिन्न इलाका, बजार, ग्रामीण क्षेत्र र नगर क्षेत्रमा गठन हुने समितिहरुको काम कारबाहीमा जिल्ला स्तरमा समन्वय ल्याउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नगर विकास जिल्ला समन्वय समिति गठन गर्न सक्नेछ ।

१७क.२ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु जनप्रतिनिधि र समाजसेवी रहनेछन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७क.३ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने अध्यक्ष तथा सदस्यहरुको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

१७क.४ श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७क.१ बमोजिम गठित समितिका सदस्यहरुमा उपदफा १७क.२ को अधीनमा रही आवश्यक हेरफेर गर्न सक्नेछ ।

१७क.५ उपदफा १७क.१ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

१६. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा १८.१ मा रहेका "कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त" भन्ने शब्दहरुको सट्टा "कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को,-

(१) उपदफा २०.२.१ को सट्टा देहायको उपदफा २०.२.१ राखिएकोछ :-

"२०.२.१ पुनरावेदन अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको न्यायाधीश हुन योग्यता पुगेको कुनै व्यक्ति - अध्यक्ष"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१२९०

(२) उपदफा २०.४ पछि देहायको उपदफा २०.५ थपिएकोछ :-

"२०.५ पुनरावेदन समितिका सदस्यहरुको पदावधि, सेवाको शर्त वा सुविधा सम्बन्धी व्यवस्था श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।"

१८. मूल ऐनमा दफा २४क. थप : मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएकोछ :-

"२४क. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।"

लालमोहर सदर मितिः- २०५४।९।१६।४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौंमा मुद्रित।
मुद्रण विभाग